# पृष्ठभूमिः (Detailed Background)

नेपालको संविधान २०७२ को भाग ३, धारा ३९ मा बालबालिकाको हकलाई मौलिक हकको रूपमा सुनिश्चित गरिएको छ। यी हकहरूले बालबालिकाको संरक्षण, विकास र सहभागितालाई विशेष प्राथमिकता दिएका छन ।संविधानमा व्यवस्था गरिएका बालबालिका सम्बन्धी प्रमुख हकहरू जस्तो पहिचान र जन्मदर्ताको हक, पालनपोषण र विकासको हक, प्रारम्भिक बाल विकास र सहभागिता, शोषण तथा श्रम निषेध, संरक्षणको हक, अनाथ तथा असहाय बालबालिका बाल अनुकूल न्याय यी संवैधानिक हकहरूको प्रभावकारी कार्यान्वयनका लागि बालबालिका सम्बन्धी ऐन, २०७५ र नियमावलीहरू समेत लागु गरिएका छन्।

सोही अनुरुप आर्थिक वर्ष २०८२/०८३ मा मेल्लेख गाउँपालिका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा तथा आस्था नेपाल, वल्ड भिजन ईन्टरनेश्नल नेपालको साझेदारीमा संचालित हातेमालो बालकल्याण परियोजनाको आर्थिक तथा प्राविधिक सहयोगमा मिति २०८३/०२/०३ र ०४ गते पालिका स्तरिय बालसंजालको बाल अधिकार सहभागिता र सुरक्षित भविष्यको लागि अध्यक्ष संग बालसंवालद कार्यक्रम संचालन गरिएको छ ।



१. कार्यक्रमको उदेश्यः यस मेल्लेख गाउँपालिकामा रहेका सम्पुर्ण जनप्रतिनिधि तथ सरोकार वालाहरुलाई नेपालको संविधान २०७२ को भाग ३, धारा ३९ मा बालबालिकाको हकलाई मौलिक हकको रूपमा सुनिश्चित गरिएका सम्पुर्ण हक र अधिकारहरुको बारेमा पुनरताजकी का साथै बालबालिकाको संरक्षण, विकास र सहभागितालाई विशेष प्राथमिकतामा राखेर दुई दिने कार्यक्रममा गहन छलफल गरियो संविधानमा व्यवस्था गरिएका बालबालिका सम्बन्धी प्रमुख हकहरूको प्रभावकारी कार्यान्वयनका लागि बालबालिका सम्बन्धी ऐन, २०७५ र नियमावलीहरू समेतको बारेमा छलफल गरिएको थियो।

१.१ सञ्चालन मितिः २०८३/०२/०२ र ०३ गते

१.२ सञ्चालन स्थानः मेल्लेख गाउँपालिका गाउँकार्यपालिकाको सभाहल भित्र ।

१.३ उद्देश्यः

- मेल्लेख गाउँपालिका भित्र रहेका सम्पुर्ण जनप्रतिनिधिहरु, सरोकारवालाहरु र बालबालिकाहरु लाई नेपालको संविधान २०७२ को भाग ३, धारा ३९ मा बालबालिकाको हक तथा बालबालिका सम्बन्धी ऐन, २०७५ र नियमावलीहरू समेतको बारेमा जानकारी एवम् पुनरताजकी गराउने ।
- नेपालको संविधान २०७२ को भाग ३, धारा ३९ मा बालबालिकाको हकलाई मौलिक हकको रूपमा पहिचान र जन्मदर्ताको हक, पालनपोषण र विकासको हक, प्रारम्भिक बाल विकास र सहभागिता, शोषण तथा श्रम निषेध, संरक्षणको हक, अनाथ तथा असहाय बालबालिका बाल अनुकूल न्यायको हकको बारेमा विसतृत रुपमा छलफल गरियो ।

१.४ स्वीकृत रकमः

रु. १,५०,०००/-(अक्षरमाः एक लाख पचास हजार मात्र)

१.५ उपलब्ध गराइएको तथा भुक्तानी माग गरिएको रकम रु. १८,३००/-

२. कार्यक्रमका मुख्य गतिविधिहरू

२.१ उद्घाटन तथा स्वागत

कार्यक्रम औपचारिक रुपमा संचालन गरियो जसमा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, सम्पुर्ण वडाका अध्यक्ष, आस्था नेपाल, वल्ड भिजन ईन्टरनेश्नल नेपालका कर्मचारी तथा महिला तथा बालबालिका शाखा प्रमुख र पालिका स्तरिय बालसंजालका सम्पर्ण पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

२.२ टीकाटिप्पणी तथा सांस्कृतिक प्रस्तुति

- पालिका स्तरिय बालसंजालका प्रतिनिधिहरुले आगामी आ.ब.को निति तथा कार्यक्रमको लागि आफ्ना माग प्रस्तुत गर्नुभयो ।
- गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, र सरोकार वाला पक्षहरुले बालसंजालका प्रतिनिधिहरुले राखेका मागहरुको उचित सम्बोधन हुने कुरामा विस्वस्थ पार्नुभयो ।

२.३ संबोधन तथा सन्देश

मुख्य अतिथि तथा अन्य वक्ताहरूले

- बालसंजालका प्रतिनिधिहरुले आगामी आ.ब.को निति तथा कार्यक्रमको लागि राखेका मागहरु जायज रहेको र स्थानिय सरकारले मागहरुको उचित सम्बोधन गर्नुपर्ने विषयमा जोड दिनुभयो ।

३. निष्कर्ष

कार्यक्रम सफलतापूर्वक सम्पन्न भयो। यसले यस मेल्लेख गाउँपालिका भित्र रहेका बालबालिका तथा बालसंजालमा आवद्ध सम्पुर्ण बालबालिका तथा सरोकार वालाहरुको सामाजिक एकता, सांस्कृतिक पहिचान र चेतना अभिवृद्धिमा जोड दिईएको पाईन्छ आगामी दिनमा यस किसिमका कार्यक्रम निरन्तर सञ्चालन गर्न सके अझ प्रभावकारी हुने देखिन्छ।

धन्यबाद.